# अर्थ मन्त्रालयसँग सम्वन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली,२०६५को नियम ३ को प्रयोजनार्थ

## (२०७८ वैशाखदेखि असारसम्म)



अर्थ मन्त्रालय

सिंहदरवार

श्रावण २०७८

**www.mof.gov.np**

## १. अर्थ मन्त्रालयको परिचय र उद्देश्य

**पृष्ठभूमिः**

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन अर्थ मन्त्रालयको प्रमुख जिम्मेवारी हो सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा र कार्यान्वयन अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

**दीर्घकालीन सोचः**

नतिजामूलक सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान मार्फत सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

**उद्देश्यः**

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

**रणनीतिः**

- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रुपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने। प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन र अन्तरिक लेखा परीक्षण गर्ने।
- अन्तराष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने।
- अन्तराष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरुमा केन्द्रीत गर्ने।
- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तराष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।

- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय संघीयता कार्यान्वयन मार्फत स्रोत र साधनको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गरी सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- सरकारी स्वामित्वमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रलाई स्रोतको अभाव नहुने गरी राष्ट्रिय प्राथामिकता प्राप्त विकास कार्यक्रममा परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रुपमा छुट्टै निकाय मार्फत सञ्चालन गर्ने।

**२.कार्यक्षेत्रः**

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्बन्धी कानून, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तराष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानुन र नियमन,
- तलब, भत्ता तथा उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्व सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,

- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति व्यवस्थापन,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बीमा सम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सम्पर्क मन्त्रालयको कार्य,
- महालेखा परीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन गर्ने कार्य,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३.अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा परिपालना गर्नु पर्नेछ।

**ऐनहरू**

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बीमा संस्थान ऐन,२०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- बीमा ऐन,२०४९
- निजीकरण ऐन,२०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- ऋण तथा जमानत ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन,२०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- राष्ट्र ऋण ऐन, २०५९
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सालवसाली आर्थिक ऐन

**नियमावलीहरू**

- मदिरा नियमावली,२०३३
- बीमा नियमावली,२०४९
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी ( मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली २०६८
- धितोपत्र दर्ता निष्काशन नियमावली २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- राजस्व परामर्श विकास समिति गठन आदेश, २०७६
- प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली (तेह्रौ संशोधन) नियमावली,२०७६
- कर्जा सुरक्षण (दोश्रो संशोधन) नियमावली,२०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७)
- अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण २०७६)

- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोश्रो संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गको पूँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन २०७६)
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७५

**कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- नवीकरणीय उर्जा अनुदान (पहिलो संशोधन) नीति,२०७३
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामुहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाईपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि,२०७६
- समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०७६
- विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७६
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७७
- सहलगानी सम्बन्धी कार्यविधि,२०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि,२०७७

**नीति, मापदण्ड र आदेश**

- अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड,२०७३ (पहिलो संशोधन)
- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता,२०७५
- बजेट तर्जुमा दिग्दर्शन,२०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति,२०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड,२०७६
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन,२०७६
- कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न अवलम्बन गरिएका कार्यहरुका कारण प्रभावित भएका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड,२०७६
- नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन,२०७६
- एकीकृत सामाजिक सुरक्षा नीति,२०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड,२०७७
- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७७
- ढुङ्गा, गिट्टी, बालुवाको पहिचान, विकास र उत्खनन् सम्बन्धी नीति,२०७७

४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तर्गतका नीतिगत कार्यहरु र
(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| सि.नं. | | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | श्री जनार्दन शर्मा "प्रभाकर" | ४२११३९० |
| २. | सचिव | श्री शिशिर कुमार ढुङ्गाना | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री रामशरण पुडासैनी | ४२११८०४ |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री सुमन दाहाल | ४२११८०१ |
| ५. | वित्तीय संघीयता समन्वय महाशाखा | सहसचिव श्री महेश भट्टराई | ४२११३१६ |
| ६. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री धनीराम शर्मा | ४२११३७१ |
| ७. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री रामेश्वर दङ्गाल | ४२११३१५ |
| ८. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री दीर्घराज मैनाली | ४२११३२६ |
| ९. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री पराश्वर ढुङ्गाना | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्य. तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री दीर्घराज मैनाली | ४२११३७७ |
| ११. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री महेश आचार्य | ४२००५३७ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री सुमन दाहाल | ४२११३०० |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

**(क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर**

- **सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।**
- **सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाई सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।**
- **दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।**
    - सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ।
    - माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैंयाँ दस्तुर लाग्नेछ। शुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।

- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यबाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मूल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रवर्द्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन।

**(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

- सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सो को भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- **मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**
  - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- अर्थ मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ८.१ आर्थिक वर्ष २०७७/२०७८ को बजेट

नेपाल सरकारको कूल बजेट रु. १४ खर्व ७४ अर्ब६४ करोड मध्ये चालु खर्च तर्फ रु. ९ खर्व ४९ अर्ब१३ करोड, पूँजीगततर्फ रु. ३ खर्व ५६ अर्ब२५ करोड, र वित्तीय व्यवस्थातर्फ रु. १ खर्व ६९ अर्ब२५ करोड रहेको थियो। संघीय संसदले पारित गरेको बजेट २०७७ श्रावण १ गतेदेखि कार्यान्वयनमा आएको।

### ८.२ सार्वजनिक खर्च व्यवस्थापन

चालू आर्थिक वर्षको २०७७/२०७८ मा समग्र खर्चको प्रारम्भिक विवरण निम्नानुसार रहेको छ :-

- कुल खर्च रु. ११ खर्व ८० अर्ब ९५ करोड २९ लाख, (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.८६ प्रतिशतले बृद्धि,)
- चालु खर्च रु. ८ खर्व ५१ अर्ब६७ करोड ८२ लाख (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.२७ प्रतिशतले बृद्धि,)
- पूँजीगत खर्च रु. २ खर्व २८ अर्ब३० करोड ६ लाख (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.३७ प्रतिशतले बढी,)
- वित्तीय व्यवस्था रु. १ खर्व ९७ करोड ४१ लाख (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.७९ प्रतिशतले घटी,)

### ८.३. समष्टिगत आर्थिक परिसूचकः

| क्र.स | आर्थिक परिसूचक | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक वृद्धि | ४.०१ प्रतिशत अनुमानित (आर्थिक सर्भेक्षण) | |
| २. | उपभोक्ता मुद्रास्फीति (पहिलो ११ महिनाको) | ४.१९%(वार्षिक विन्दुगत) | |
| ३. | शोधनान्तर स्थिति (पहिलो ११ महिनाको) | १५ अर्ब१५ करोड घाटामा | |
| ४. | वित्तीय पहुँच (पहिलो ११ महिनाको) | ७५० स्थानीय तहमा बैंकको शाखा बिस्तार | |
| ५. | वैदेशिक ब्यापार (पहिलो ११ महिनाको) | | |
| | आयात | रु. १३ खर्ब ८३ अर्ब३६ करोड | |
| | निर्यात | रु. १ खर्व २१ अर्ब२५ करोड | |
| ६. | विदेशी विनिमय सञ्चिती (पहिलो ११ महिनाको) | रु. १३ खर्ब ६५ अर्ब६५ करोड (१०.१ महिनाको वस्तु तथा सेवाको आयात धान्ने) | |
| ७. | विप्रेषण आप्रवाह (पहिलो ११ महिनाको) | रु. ८ खर्ब ७० अर्ब९४ करोड | |
| ८. | राजस्व परिचालन (आ.व.२०७७/२०७८को) | रु. ९ खर्ब ७८ अर्ब७४ करोड | |
| ९. | नेप्से परिसूचक (२०७८ असार मसान्तमा) | २८८३ विन्दु | |

**८.४ राजश्व परिचालनको अवस्थाः**

**१.राजस्व संकलनः**

आर्थिक वर्ष २०७७/२०७८ को बैशाख, जेठ र असार महिनामा कर राजस्व तर्फ रु २ खर्ब ३३ अर्ब ४१ करोड, गैरकर तर्फ रु २१ अर्ब ३ करोड र अन्य प्राप्ति तर्फ रु ४ अर्ब ८२ करोड गरी जम्मा रु २ खर्ब ५९ खर्ब २८ करोड राजस्व संकलन भएको छ। आर्थिक वर्ष २०७७/२०७८ मा रु.९ खर्व ७८ अर्ब७४ करोड राजस्व संकलन भएको छ।

**२.करको दायरा विस्तारः**

| **करदाताको प्रकार** | **करदाता संख्या (२०७८ बैशाख देखि असारसम्म)** | **२०७८ असार मसान्तसम्म** |
|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्वर प्राप्त गरेका (BPAN) | २२३७६ | १५७९९४० |
| व्यक्तिगत स्थायी लेखा नम्वर प्राप्त गरेका (PPAN) | ८१७३७ | २४७५१३१ |
| अग्रीम कर कट्टी प्रयोजनका लागि स्थायी लेखा नम्बर प्राप्त गरेका (WPAN) | ११५० | ९९९८ |
| **स्थायी लेखा नम्बर प्राप्त गरेका** | **१०५२६३** | **४०६५०६९** |
| मूल्य अभिवृद्धि करमा दर्ता भएका | ३९९० | २६९३५८ |
| अन्तशुल्कमाः दर्ता | ९६२ | १०४१०९ |

३) औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले औषधि उत्पादनका लागि पैठारी गर्ने माड (स्वेतसार), जडिबुटीको सार, ल्याक्टोज, डेक्स्ट्रोज, प्याराफिन, कोटिङ्ग मेटिरियल्स, टुइन एसएलएस, एसिटेड र प्राथमिक रुपका सिलिकनमा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिइएको ।

४) विद्युतीय माध्यमबाट पेश हुने अग्रिम करकट्टीको विवरण (e-TDS) करकट्टीकर्ता स्वयंले Verify गर्न सक्ने गरी एकीकृत कर प्रणालीमा सुधार गरिएको ।

५) करदाता स्वंयले नै आयकर ऐन, २०५८ को व्यवस्था बमोजिम आय विवरण पेश गर्ने म्याद थप गर्न सक्ने गरी प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको ।

६) आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन, २०७७) तथा स्थायी संस्थापन (PEs) सम्बन्धी निर्देशिका स्वीकृत गरी जारी गरिएको ।

## ८.५ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- आ.व. २०७७/२०७८ को चौथो त्रैमासिक (बैशाख, जेठ र असार) अवधिमा अनुदान सहायता रु. ७ अर्ब ६१ करोड ४६ लाख र ऋण सहायता रु.१७ अर्ब ८५ करोड गरी जम्मा रु.२५ अर्ब ४६ करोड ४६ लाखको आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको।
- मिति २०७८/०१/१३ मा नेपाल सरकार र जापान सरकारबीच **Supply of Medical Equipment** का लागि रु. १ अर्ब ९ करोड ६० लाखको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा सम्झौता भएको ।
- मिति २०७८/०१/२१ मा नेपाल सरकार र फिनल्यान्ड सरकार बीच **Sustainable Wash for All** का लागि रु. १ अर्ब २८ करोडको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा सम्झौता भएको।
- मिति २०७८/०२/२० मा नेपाल सरकार र **IFAD** बीच **Rural Poor Stimulus Facility** का लागि रु. ७७ लाखको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा सम्झौता भएको ।
- मिति २०७८/०३/१ मा नेपाल सरकार र जर्मन सरकार बीच **Development Cooperation Agreement** का लागि रु. ४ अर्ब ८५ करोड १४ लाखको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा सम्झौता भएको।
- मिति २०७८/०३/१३ मा नेपाल सरकार र विश्व वैंकबीच **Fiscal Recovery Development Policy Credit** का लागि रु. १७ अर्ब ८५ करोड बराबरको बजेटरी ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा सम्झौता भएको।
- मिति २०७८/०३/२८ मा नेपाल सरकार र जापान सरकारबीच **The Project for Human Resource Development Scholarship JDS** का लागि रु. ३७ करोड ९५ लाखको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा सम्झौता भएको।

- मिति २०७८/०१/१६ गते अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिवको उपस्थितिमा UNDP CPD Review Meeting भएको।
- मिति २०७८/०१/२३ गते स्थानीय विकास साझेदारहरुसँग **P**re-Budget Consultation Meeting भएको।
- मिति २०७८/०३/२१ गते ADB Portfolio Briefing Meeting भएको तथा ADB Country Director र अर्थ सचिव तथा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिवबीच शिष्टाचार भेटघाट भएको।
- मिति २०७८/०३/२४ मा सम्पन्न भएको Climate Vulnerables Finance Summit & V20 Ministerial Dialogue VII मा अर्थ सचिवले सहभागिता जनाउनु भएको।

## ८.६ आन्तरिक ऋण परिचालन

- आर्थिक वर्ष २०७७/२०७८ मा रु. २ खर्व २५ अर्बआन्तरिक ऋण उठाउने लक्ष्य रहेकोमा २०७८ असार मसान्तसम्ममा रु. २ खर्ब २४ अर्ब ९२ लाख उठाइएको ।

## ८.७ अन्तर सरकारी वित्त व्यवस्थापन (वित्तीय संघीयता)

- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ को उपदफा (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच अन्तर सरकारी वित्त व्यवस्थापनको विषयमा आवश्यक परामर्श र समन्वय गर्ने उद्देश्यले गठित अन्तर-सरकारी वित्त परिषद्को छैटौं बैठक परिषद्का संयोजक माननीय अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलज्यूको संयोजकत्वमा मिति २०७८/०१/०९ मा सम्पन्न गरिएको।
- प्रदेशमा हस्तान्तरण भएका अधुरा आयोजनाको विवरण संकलन गरी बजेट तथा कार्यक्रम महाशाखामा पठाइएको ।
- नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको रकम निर्धारण तथा विनियोजन सम्बन्धी कार्य गरिएको।
- प्रदेश र स्थानीय तहमा अनुदानका कार्यक्रमहरु पठाइएको।
- प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको उपयोग सम्बन्धी मापदण्ड र आधार तयार गरी मार्गदर्शन पठाइएको।
- नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुनलाई उत्प्रेरित गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने उद्येश्यले स्टार्टअप व्यवसाय कर्जा प्रवाह कार्यविधि, २०७८ को मस्यौदा तयार गरिएको।

## ८.८ वित्तीय क्षेत्र तथा सार्वजनिक संस्थान व्यवस्थापन :

१. नेपाल राष्ट्र बैंकको नाममा रहेको नागरिक लगानी कोषको शेयर नेपाल सरकारको नाममा हस्तान्तरणका लागि मूल्य र हस्तान्तरण प्रकृया यकीन गर्न गठित समितिद्वारा तयार पारिएको "नेपाल राष्ट्र बैंकको नाममा रहेको नागरिक लगानी कोषको शेयर नेपाल सरकारको नाममा हस्तान्तरणका लागि शेयर मूल्याङ्कन प्रतिवेदन" पेश भएको ।

२. बीमा ऐन,२०४९ को दफा ४१ को उपदफा (१) को खण्ड (ख) बमोजिम नेपाल पुनर्बीमा कम्पनी लिमिटेड,शिखर इन्सुरेन्स कम्पनी लिमिटेड र सगरमाथा इन्सुरेन्स कम्पनी लिमिटेडका प्रमुखहरुलाई बीमा दर सल्लाहकार समितिको सदस्यमा मनोनयन गरिएको ।

३. नेपाल सरकार, (मन्त्रिपरिषद्)को मिति २०७८/०१/१३ को निर्णयानुसार नागरिक लगानी कोषको चुक्ता पुँजी वृद्धि गरी रु.३ अर्ब २७ करोड कायम गर्न स्वीकृति प्रदान भएको ।

४. “सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०७८” तयार गरी प्रकाशन गरिएको ।

५. Liquid Oxygen Plant स्थापना गर्ने उद्योगलाई सहुलियत दिन पूर्ण कर्जा उपलब्ध गराउने सन्दर्भमा Shanker Oxygen Gas(Pvt)Ltd. लाई नेपाल राष्ट्र बैंक पूनरकर्जा कार्यविधि,२०७७ बमोजिम रु.५० करोड सम्मको विशेष पूनरकर्जा सुविधाको अवधि नेपाल राष्ट्र बैंक ऐन,२०५८ को दफा ४९(२) बमोजिम एक वर्ष थप गर्न नेपाल सरकार, माननीय मन्त्रिस्तरको मिति २०७८/०२/०६ को निर्णयानुसार नेपाल राष्ट्र बैंकलाई सिफारिश गरिएको ।

६. नेपाल सरकार(माननीय मन्त्रीस्तर)को मिति २०७७/१२/१६ को निर्णयानुसार नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थालाई Charterd Accountants Australia and New Zealand (CA ANZ) सँग Members Pathway को लागि सन् २०१८ मा गरेको Memorandum of Understanding को अवधि ७ मार्च २०२१मा समाप्त हुने भएकोले उक्त Memorandum of Understanding लाई तीन वर्षको निरन्तरताको लागि सहमति प्रदान गरिएको ।

७. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि,२०७५(सं.स.) को दफा (१९क) र व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि,२०७७ बमोजिम अर्थ सचिवज्यूको अध्यक्षतामा गठित केन्द्रीय निर्देशन समिति र सञ्चालक समितिको बैठक मिति २०७८/०२/२५ गते सम्पन्न गरिएको र सो बैठकको निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।

८. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि,२०७५(तेस्रो संशोधन २०७७ समेत) को सीमा र क्षेत्र विस्तार, अनुसूचीमा संशोधन एवं परिमार्जन गर्न र व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि,२०७७ परिमार्जन गर्नका लागि सुझावसहितको सिफारिस गर्न समिति गठन गरिएको ।

९. आ.व.२०७८/२०७९ को आय व्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा नं. ४२७ मा भएको व्यवस्थाको कार्यान्वयन तथा कर्मचारी संचय कोष र नागरिक लगानी कोषले नेपाल वायुसेवा निगममा गरेको ऋण लगानी सम्बन्धमा अर्थ सचिवज्यूको अध्यक्षतामा मिति २०७८/०२/२८ मा निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाइएको।

१०. सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०७८ अंग्रेजीमा प्रकाशन गरिएको।

११. नेपाल सरकार,(माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्रीस्तर)को मिति २०७८/०२/०६ को निर्णयानुसार श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई चालु आर्थिक वर्ष र आगामी आर्थिक वर्षमा क्रमश: रु.१ अर्ब २ अर्वको हकप्रद शेयर जारी गरी जम्मा रु.३ अर्ब पुँजी वृद्धि गर्न सैद्धान्तिक सहमति प्रदान गरिए बमोजिम यस आ.व.मा रु.१ अर्ब निकासा गरिएको।

१२. नेपाल सरकार,(माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्रीस्तर)को मिति २०७८/०३/०६ को निर्णयानुसार बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ मा संशोधन गर्न स्वीकृति प्रदान गरिएको ।

१३. मिति २०७६/११/०५ मा माननीय अर्थमन्त्रीज्यूको कार्यकक्षमा नेपाल राष्ट्र बैक र वाणिज्य बैकका कार्यकारी प्रमुखहरुसँग भएको छलफलका विषयहरुको कार्यान्वयन कार्ययोजनाको बुँदा नं.१६ मा स्थानीय तहको संञ्चितकोषको ७५ प्रतिशत रकम वाणिज्य बैंक मार्फत परिचालन गर्ने भनी उल्लेख भए बमोजिम सो विषय कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंक र महालेखा नियन्त्रक कार्यालयलाई पत्राचार गरिएको ।

१४. नेपाल सरकार,(माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्रीस्तर)को मिति २०७८/०३/०७ को निर्णयानुसार दोस्रो वित्तीय क्षेत्र विकास रणनिति (२०७८/२०७९-२०८२/२०८३) तर्जुमाका लागि माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूको संयोजकत्वमा उच्चस्तरीय निर्देशन समिति,वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वयन महाशाखाका सह-सचिवको संयोजकत्वमा विषयगत उप-समिति र नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर(नियमन) को संयोजकत्वमा विषयगत प्राविधिक समिति गठन गरिएको ।

१५."सहुलियतपूर्ण कर्जाको व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि,२०७५(तेस्रो संशोधन सहित)" बमोजिम गठित केन्द्रीय निर्देशन समितिको मिति २०७८/०२/२५ मा सम्पन्न बैठकको निर्णय सम्बन्धित निकायमा पठाइएको ।

१६. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ बमोजिम गठित केन्द्रीय निर्देशन समितिको मिति २०७८/०२/२५ मा सम्पन्न बैठकले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि,२०७५(तेस्रो संशोधन, २०७७ सहित) को सीमा र क्षेत्र विस्तार, अनुसूचीमा संशोधन एवं परिमार्जन गर्न र व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ लाई परिमार्जनका लागि अध्ययन गरी सिफारिस गर्न समिति गठन गरिएको ।

१७. नेपाल राष्ट्र बैंकबाट मिति २०७४/०९/११ मा स्वीकृत वित्तीय समावेशीकरण सम्बन्धी माग पक्षीय र आपूर्ति पक्षीय अध्ययनको आधारमा तयार परिएको National Financial Inclusion Road map 2017-2022 कार्यान्वयनका लागि स्वीकृत कार्ययोजना Nepal Financial Inclusion Action Plan को प्राथमिकता-५ को Enhance Financial Iinclusion Support in National Governanceको व्यवस्था बमोजिम वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाका सह-सचिवको संयोजकत्वमा A2F Coordination Committee गठन भएको।

१८. नेपाल सरकार,सचिव(राजस्व)स्तरको मिति २०७८/०३/१६ को निर्णयानुसार आर्थिक वर्ष २०७७।२०७८ को बजेट वक्तव्यको बुँदा नं.१५७ मा सम्मिश्रित वित्त व्यवस्था तथा लगानीका अन्य वैकल्पिक उपकरणको व्यवस्था गरी निजी लगानी प्रर्वद्धन गर्ने नीतिगत व्यवस्था रहेकोमा नेपाल सरकारबाट संञ्चालन गरिने विभिन्न ठूला पूर्वाधार, विकास निर्माणका गतिविधि/आयोजनामा सञ्चालन पुँजीको रूपमा सम्मिश्रित वित्त (Blended Finance) अवलम्वन तथा परिचालन गर्न, पूर्वाधार विकास र विकास गतिविधिमा Blended Finance परिचालन गर्न आवश्यक नीतिगत व्यवस्था तथा हेजिङ्ग सम्बन्धी नियमावलीको व्यवस्थाको लागि सिफारिस गर्न आर्थिक नीति विश्लेषण महाशाखाका सहसचिवको संयोजकत्वमा कार्यदल गठन भएको ।

१९. नेपाल सरकार,(माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्रीस्तर)को मिति २०७८/०३/२० को निर्णयानुसार मुलुकको औद्योगिक लगानी प्रवर्द्धन तथा संरक्षणका लागि औद्योगिक तथा लगानी प्रवर्द्धन कोष स्थापना गर्न नेपाल सरकार(मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सहमति दिइएको ।

२०. हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको जलविद्युत्त लगानी तथा विकास कम्पनी लिमिटेड कर्मचारी विनियमावली(पाँचौं संशोधन) २०७७ को मस्यौदामा नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुने तथा कर्मचारीहरुलाई थप सुविधा उपलब्ध गराउने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्ने अनिवार्य व्यवस्था थप गर्ने गरी अन्य विषयमा संशोधन सहितको सहमति प्रदान भएको।

## ८.९ योजना, अनुगमन तथा मूल्याङ्कन

- आर्थिक वर्ष २०७७/२०७८ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना अनुसारको मासिक प्रगति विवरण केन्द्रिय अनुगमन प्रणालीमा नियमित रुपमा प्रविष्ट गरिएको।
- सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) प्रयोजनका लागि आर्थिक वर्ष २०७७/२०७८ को माघ,फागुन र चैत्र महिनामा सम्पादन गरिएका कार्यहरुको विवरण वैशाख महिनामा वेव साइटमा सार्वजनिक गरिएको। ।
